# चालु आर्थिक वर्ष २०७९/०८० को बजेट समिक्षा

# तथा

# आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट बक्तव्य

## फुङलिङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, ताप्लेजुङ

## कोशी प्रदेश, नेपाल

**फुङलिङ नगरपालिकाको चौधौं नगरसभामा उप प्रमुख श्री भीमा देवी ओझाज्यूद्वारा प्रस्तुत चालू आर्थिक वर्ष २०८०/०८१ को बजेट समिक्षा तथा आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट बक्तव्य।**

फुङलिङ नगरपालिकाको चौधौं नगर सभाका सभाध्यक्ष महोदय, प्रमुख प्रसासकीय अधिकृत ज्यू, विषयगत समितिका संयोजक ज्यूहरु, यस गरिमामय नगरसभामा उपस्थित नगरसभा सदस्य ज्यूहरु, उपस्थित सञ्चारकर्मीज्यूहरु, नगरका सम्पूर्ण कर्मचारीवर्गहरु एवं नगर उपप्रमुखको रुपमा गहन जिम्मेवारी दिएर ऐतिहासिक अवसर प्रदान गर्नु हुने सम्पूर्ण नगरवासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरु !

फुङलिङ नगरपालिकाको उप-प्रमुखको हैसियतले यस नगरपालिकाको सम्मानित चौधौं नगरसभा समक्ष चालु आर्थिक वर्ष २०७९/०८० को समीक्षा तथा आगामी आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्न पाउँदा मलाई गौरब महशुस भएको छ।

यस विशिष्ट अवसरमा ऐतिहासिक संविधान सभा निर्माण, संघीयता, राष्ट्र र राष्ट्रियताको जगेर्ना, गणतन्त्रको स्थापना, धर्म निरपेक्षता, समानुपातिक समावेशीता, सामाजिक न्याय र सुशासन सहितको समृद्ध राष्ट्र र सुखी नेपालीको महान लक्ष्यमा राष्ट्रलाई पुऱ्याउन समाजमा रहेका सबैखाले विकृति, विसंगती र विभेदको अन्त्य गर्दै नेपाल राष्ट्रको राजनीतिक आर्थिक र सामाजिक परिवर्तनका लागि इतिहासको विभिन्न काल खण्डमा भएका न्यायपूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरुप्रति उच्च सम्मान साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै यसै क्रममा घाईते तथा अपाङ्ग भएका व्यक्तिहरुको सु-स्वास्थ्यको कामना गर्दछु।

जिल्लामा बाढी पहिरोमा परी ज्यान गुमाउनु हुने मृतकहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दछु । घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । वेपत्ता व्यक्तिहरुको निरन्तर खोजी एवं अवरुद्ध सडकहरुको यथाशिघ्र पुन निर्माणको लागि नेपाल सरकारसँग आग्रह गर्दछु।

नगरपालिकाको सर्वाङीण विकासका लागि स्थानीय सरकारसँग जनताहरुको अपार आशा र अपेक्षा रहेको हुन्छ। उपलब्ध स्रोत साधन र अवसरको उच्चतम प्रयोग, न्यायोचित वितरण र संविधान प्रदत्त अधिकारहरुको सफल कार्यान्वयनवाटनै जनताको विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न सकिन्छ। सुन्दर समुन्नत नगर निर्माण गर्न दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी "यातायात सञ्जाल, व्यवसायीक कृषि, पर्यटन र पूर्वाधार, शिक्षा, स्वास्थ्य र औद्योगिक विकास फुङलिङ समृद्धिको आधार" भन्ने दिर्घकालिन सोचलाइ मूर्त रुप दिन प्रस्तुत बजेट तथा कार्यक्रमले थप सहयोग पुऱ्याउनेछ।

यस नगरपालिकाले विकास निर्माणको कार्यलाइ गुणस्तरीय वनाउन नगर भित्रका आम उपभोक्ताहरु, सर्वसाधरण जनता, उद्योगी व्यवसायीहरु लगायत सामाजिक संस्थाहरुको निरन्तर सहयोग रहँदै आएको छ । विकास सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाइ गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराई अगाडी वढाउनु पर्दछ । यसमा आम नागरिकहरुले साथ, सहयोग र सुझाव दिनु पर्दछ । लोकतान्त्रिक आधारभुत मूल्य, मान्यता, बहदुलीय लोकतान्त्रिक शासन प्रणाली, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सह-अस्तित्व, समावेसिता र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासन प्रति हामि प्रतिबद्ध छौं। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ। शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकुन् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं । नगरको भौगोलिक, सामाजिक, आर्थिक सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्वयात्मक विकासको बाटोमा

अघि बढ्न नगर सरकार दृढ छ । "जनप्रतिनतिहरु शासक होइनन, जनताका सेवक हुन" भन्ने मान्यताको आधारमा जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रवाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदशक सिद्धान्तको रुपमा ग्रहण गरेकाछौं ।

**नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु !**

**अव म चालु आर्थिक वर्षको क्षेत्रगत बजेट तथा कार्यक्रमको प्रगति समीक्षा पेश गर्न चाहन्छु ।**

**१. समस्या तथा चुनौतिहरुः**

- कतिपय उपभोक्ता समितिको काममा ढिलाई र गुणस्तरीयता कमजोर हुनु ।
- दिगो विकास र वातावरण मैत्री अवधारणा अनुसार योजना तर्जुमा र कार्यान्वयन नहुनु ।
- जटिल भौगोलिक भू-बनोटको कारण विकास निर्माण कार्य खर्चीलो हुनु ।
- योजना तथा कार्यक्रमको संख्या साना र धेरै हुनु ।
- योजना तथा कार्यक्रम कार्यान्वयन र सेवा प्रभाहमा संघ, प्रदेश र स्थानीय तह विचमा उचित समन्वय नहुनु ।
- नगरपालिकाको दरबन्दी अनुसारका कर्मचारीहरुको व्यवस्थापन नहुनु ।
- नगरपालिकाको पर्याप्त आन्तरीक श्रोत नहुनु ।
- स्थानीय तहलाई आवश्यक हुने ऐन, नियम कानूनहरुको पूर्ण रुपमा निर्माण हुन नसक्नु साथै निर्माण भएका ऐन, नियम कानुन र कार्यविधिहरु पूर्ण रुपमा कार्यान्वयन हुन नसक्नु ।
- आवधिक योजना तथा सडक गुरुयोजना अनुसार योजनाको छनौट तथा कार्यान्वयन हुन नसक्नु ।

**२. उपरोक्त समस्या र चूनौतिहरुको वीच चालू आर्थिक वर्षमा फुङलिङ नगरपालिकाले हासिल गरेको क्षेत्रगत प्रगति र उपलब्धिहरु देहाय बमोजिम समिक्षा गर्न चाहन्छु ।**

**२.१. आर्थिक क्षेत्रः-**

आर्थिक विकास अन्तर्गत पशु शाखा तर्फ पशु आहारा सेवाका निम्ति २ हजार के.जि. जै घाँसको बिऊ वितरण भई २ सय ३९ घर लाभान्वित भएका छन् । कृतिम गर्भाधान सेवा तर्फ गाई र भैंसि १८५ वटा लाई सेवा पुर्‍याईएको छ । पशु स्वास्थ्य शिविर संचालन मार्फत ४ हजार १ सय २६ पशुपन्छीहरुको उपचार भई २ सय २६ घरधुरी लाभान्वित भएका छन् । ११ वटै वडाहरुमा माटो परीक्षण कार्य सम्पन्न भएको छ । अलैंची पकेट कार्यक्रमको सम्झौता भई संचालनमा रहेकोछ । तरकारीवालीको साना व्यवसायिक कृषि उत्पादन पकेट कार्यक्रमबाट ३५ घर परिवारका १७५ जना लाभान्वित भएका छन् । बंगुर पकेट कार्यक्रम कार्यान्वयन भई ३० घर परीवारका १५० जनालाई प्रत्यक्ष लाभ पुगेको छ । यसैगरी नगरपालिका भित्रका ४९५ जना कृषकहरुलाई प्लाष्टिक टनेल वितरण भएको, ६२ जना कृषकहरुको गोठ तथा खोर सुधार भएको, २४ जना कृषकलाई कृषि उपकरण मिनि मिल वितरण गरिएको, ६२ जना सुन्तला खेती गर्ने कृषकहरुलाई औषाकिरा नियन्त्रण विषादी वितरण गरिएको, ३४ जना कृषकलाई हाइनेक्स स्प्रे वितरण भएको, ४ जना कृषकलाई किभि खेतिका लागि चाङ निर्माणमा सहयोग गरिएको, १० जना मौरी पालक कृषकहरुलाई घार वितरण भएको, ५० परिवारलाई कुखुराको चल्ला वितरण गरिएको, विभिन्न कृषकहरुलाई १० वटा उन्नत जातको वोका वितरण गरिएको, ३५

जना विपन्न कृषकहरुलाई सुँगुरको पाठा वितरण गरिएको, ७ सय कृषकलाई उन्नत जातको आलुको विऊ वितरण भएको, विभिन्न फलफूलका ३ हजार ९ सय ५५ वटा विरुवाहरु वितरण भएकोछ भने किसान सूचीकरण कार्यक्रम अन्तर्गत ६ सय घरपरिवार हालसम्म सूचिकृत भएका छन्

उद्यम विकासकार्यक्रम अन्तर्गत व्युटिसियन तालिमबाट २० जना महिलाहरु, होटल कुक तालिम अन्तर्गत १३ महिला ७ पुरुष गरी जम्मा २० जना ड्राइभिङ तलिम मार्फत ३ महिला र २७ पुरुष गरी ३० जनाले तालिम प्राप्त गरेका छन्।

पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत फुङलिङ नगरपालिका वडा नं.६ मा संघीय सरकार र नगरपालिकाको साझेदारीमा बहुसाँस्कृतिक संग्रहालयको निर्माण कार्य सुचारु रहेको छ।

**२.२. सामाजिक क्षेत्रः-**

चालू आर्थिक वर्षमा सामाजिक विकास तर्फ शिक्षकहरुको तालिम, नियमित प्र.अ. हरुको बैठक, स्थानीय भाषा प्रवर्द्धनका लागि शिक्षकको तलब भत्ताको व्यवस्थापन, विभिन्न विद्यालयहरुलाई विद्यालय संचालन अनुदानको भुक्तानी तथा विद्यालयहरुको भौतिक पूर्वाधारहरु निर्माण भएको,४ वटा विद्यालयका भवनहरु निर्माण भएका छन् । विभिन्न विद्यालयका विद्यार्थीहरुलाई खाजा बोक्ने टिफिन बक्स तथा ट्र्याक सुट खरिद गरी वितरण गरिएको, SEE मा उत्कृष्ट १ छात्र र १ छात्रालाई १/१ थान ल्यापटप वितरण गरिएको, नगरका ११ वटै वडाहरुमा १६ दिने महिला लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रम संचालन गरिएको, महिला, वालवालिका तथा अपाङ्गता सीप तथा क्षमता विकास तालिम संचालन गरिएको, लागू औषध, मादक पदार्थ दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम संचालन गरिएको साथै हालसम्म १६९ जनालाई अपाङ्गता परिचय पत्र वितरण भएको, ३२९ जना जेष्ठ नागरिक परिचय पत्र वितरण भएको, २५ वटा समुह गठन भएका छन् । यस्तै गरी खेलकुद कार्यक्रम तर्फ मेयरकप भलिबल प्रतियोगिता, उपमेयर कप महिला फुटबल प्रतियोगिता, मेयर कप ब्याडमिटन खेल, राष्ट्रपति खेलकुद, तेक्वान्दो र सितरियो कराँते खेलकुद कार्यक्रम सम्पन्न भएका छन्। खानेपानी तर्फ खानेपानीको सेवा विस्तार कार्यक्रम सम्पन्न भई थप ८२ वटा धारा निर्माण कार्य सम्पन्न भएको छ, यसै गरी खानेपानी पाईप २४ हजार १ सय ३० मिटर खरिद गरी वितरण भएको छ भने ४ वटा RCC खानेपानी रिजर्व ट्याङ्को निर्माण सम्पन्न भएको छ। अपाङ्ग तथा जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण तथा सम्मान कार्यक्रमहरु सम्पन्न गरिएका छन्। विपन्न दलितहरुको आवास निर्माणको लागि जस्ता पाता खरिद गरी वितरण गरिनुका साथै खानेपानीको टेंकी खरिद गरी वितरण गरिएको छ।

फुङलिङ नगरपालिकाको स्वास्थ्य कार्यक्रम अन्तर्गत राष्ट्रिय खोप कार्यक्रममा पूर्णखोप सुनिश्चितता र दिगोपनाको लागि नगरपालिकाको ११ वटै वडाहरुमा घरधुरी सर्वेक्षण गरी ०-१५ महिना सम्मका ५ सय १८ जना र १६ देखि २३ महिनासम्मका ३ सय ५१ जना बालबालिकाहरुलाई पूर्ण खोप लगाएको सुनिश्चितता गरिएको छ। साथै मिति २०८० साल जेष्ठ ४ गतेसम्ममा पूर्णखोप पालिका सुनिश्चितताका लागि गर्नुपर्ने सम्पुर्ण प्रक्रिया पुरागरी पूर्णखोप नगरपालिका सुनिश्चितता घोषण गरिएको छ।

सामुदायमा आधारित नवजात शिशु स्याहार तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरुमा स्थलगत अनुशिक्षण गरी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता

अभिबृद्धि गरिनुका साथै स्वास्थ्य सेवाको पहुँच र उपयोगिता बढाउनका लागि समुदाय परिचालन गर्ने व्यवस्था अनुरुप फुङलिङ नगरपालिकाका सबै वडाहरुमा स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्तीको १५ वटा आमा समुहमा समता पहुँच कार्यक्रम विस्तार गरिएको छ।

पोषण कार्यक्रममा पहिलो चरण कार्तिक र दोस्रो चरण वैशाख गरी दुई चरणमा राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधी वितरण कार्यक्रमबाट ६ महिना देखि १२ महिनासम्मको ३७८ जना बालबालिकाहरुलाई भिटामिन ए क्याप्सुल तथा १२ महिना देखि ५९ महिनासम्मको ४००४ जना बालबालिकाहरुलाई भिटामिन ए क्याप्सुल तथा जुकाको औषधी राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंय सेबिका मार्फत खुवाईएको छ। नगरपालिका भित्र कुपोषित बच्चाहरुको उपचार गर्न ओ.टि.सि सेन्टहरुको स्थापना थप विस्तार गरिएको छ। स्थानीय स्तरमा पाइने पोषिलो खानेकुराहरुको पोषिलो परिकार बनाउने सीप विकास तथा खानपानमा सुधार गर्न नगरपालिकाका विभिन्न वडाहरुमा समुदाय स्तरमा पोषिलो खानाको प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ।

मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत सुत्केरी अवस्थामा आमा तथा नवजात शिशुको जाँच गरी जटिलताका अवस्थाहरु समयमै पहिचान, व्यवस्थापन तथा प्रेषण गरी मातृ तथा शिशु मृत्यु कम गर्न उत्तरप्रसुति घरभेट कार्यक्रम संचालन गरिएको छ। प्रसुति केन्द्रहरुमा गुणस्तरीय प्रसुति सेवा सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापन गर्नको लागि फावाखोला र फुरुम्बु स्वास्थ्य चौकीमा कार्यरत नर्सिङ कर्मचारीहरुलाई कोचिङ/मेन्टोरिङ विधि मार्फत क्षमता अभिबृद्धि गरिएको छ। नगरपालिकाको सबै वडाहरुमा वर्षमा २ पटक घुम्ती ग्रामिण अल्ट्रासाउण्ड शिविर मार्फत १७४ जना गर्भवती महिलाहरुको गर्भको अवस्था तथा जटिलता पत्ता लगाई CEONC Site मा प्रेषण गरिएको छ। घरमै शुन्य सुत्केरी अभियान कार्यक्रम फावाखोला र फुरुम्बु वर्थिङ सेन्टरहरुमा शुरुवात गरिएको छ। सो कार्यक्रम अन्तर्गत फावाखोला र फुरुम्बु स्वास्थ्य चौकी व्यवस्थापन समिति, स्वास्थ्यकर्मी लगायत महिला सामुदायिक स्वास्थ्य स्वंय सेबिकाहरुलाई कार्यक्रम सम्बन्धी अभिमुखिकरण र स्वास्थ्य संस्था टाढा भएका क्षेत्रको लागि ३-३ वटा स्टेचर समेत खरिद गरी वितरण गरिएको छ। यसै गरी फावाखोला स्वास्थ्य चौकीमा ९ जना, फुरुम्बु स्वास्थ्य चौकीमा ४ जना गरी जम्मा १३ जना महिला दिदि बहिनीहरुले प्रसुति सेवा लिएका छन्।

किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत पालिकामा रहेका ४ वटा स्वास्थ्य चौकी फावाखोला, फुरुम्बु, हाङदेवा र दोखुमा स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समिति र राष्ट्रिय महिला सामुदायीक स्वास्थ्य स्वंयसेबिकाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा विस्तार सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ। प्रजनन् रुग्णता स्वास्थ्य सेवा अन्तर्गत फुङलिङ नगरपालिकाका ११ वटै वडामा आङ खस्ने समस्या र पाठेघरको मुखको क्यान्सर सम्बन्धी शिविर संचालन गरी १ हजार ८० जना महिलाहरुको VIA Screening तथा ५६ जना महिलाहरुको PAP Smear संकलन गरिएको छ।

गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन नगरपालिकाले दोखु,हाङदेवा, फुरुम्बु र फावाखोला गरी ४ वटा स्वास्थ्य चौकीहरुमा न्यूनतम सेवा मापदण्ड कार्यक्रम लागु गरिरहेको र वर्षमा २ पटक फलोअप, समिक्षा र मुल्यांकन गरी आवश्यकता अनुसार सुदृढीकरणका लागि पहल गरिएको छ।

राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत फुङलिङ नगरपालिका वडा नं ९ भोटेगाँउमा क्षयरोग जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सकृय क्षयरोग खोजपड्ताल कार्यक्रम संचालन गरीएकोमा ४१ जनाको खकार परीक्षण गर्दा १ जना क्षयरोगी पत्ता लागी उपचार गरिएको छ ।

साथै फुङलिङ नगरपालिका अन्तर्गतका १२ वटा स्वास्थ्य संस्थाहरुबाट चालु आर्थिक वर्षको यस अवधिसम्म सेवा प्रवाहको स्थिति हेर्दा महिला ७ हजार ६ सय ८६ र पुरुष ५ हजार ४ सय ३५ गरी जम्मा १३ हजार १ सय २१ जनाले बहिरंग (OPD) सेवा पाएका छन् । यस नगरपालिका भित्र कोभिड १९ विरुद्ध कोभिसिल्ड, भेरोसिल, जानसेन, एस्ट्राजेनिका, मोडर्ना र फाईजर खोप लगाईएकोमा पहिलो डोज लगाउनेको संख्या २८ हजार १ सय २७ जना, दोस्रो डोज लगाउने संख्या ३७ हजार ४८ जना, पहिलो अत्तिरिक्त डोज लगाउने संख्या ११ हजार ६ सय ७० जना र दोस्रो अत्तिरित्त डोज लगाउनेको संख्या ४ हजार ८ सय ८७ जनालाई कोभिड १९ विरुद्ध विभिन्न खोपहरु लगाईएको छ ।

महिला, वालवालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गगता कार्यक्रम अन्तर्गत दिवश मनाउने कार्यक्रम सम्पन्न भएको छ । महिलाहरुको नेतृत्व र क्षमता विकास तालिम, सिलाई कटाइ, डल बनाउने, अपाङ्गहरुको लागि मुढा बुन्ने तालिम साथै लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम सम्पन्न भएका छन् । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका १ हजार ३ सय ८७ जना ज्येष्ठ नागरिक, ९६ जना ज्येष्ठ दलित, १ सय ६४ जना ज्येष्ठ नागरिक एकल महिला, २ सय ७८ जना एकल, ७४ जना क वर्गका र १४२ जना ख वर्गका अपाङ्गहरु तथा २ सय १५ जना दलित वालवालिकाहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । यसै घटना दर्ता तर्फ २०७९ चैत्र मसान्तसम्ममा जन्म दर्ता ५ सय ६९, मृत्यु दर्ता १ सय १५, विवाह दर्ता १ सय ८७ जना, बसाई सराई गएको ३ सय ३ जना र वसाई सरी आएको २ सय २७ जना तथा सम्बन्धि विच्छेदको ३७ वटा घटना दर्ता भएको छ ।

## २.३. पूर्वाधार क्षेत्रः-

पूर्वाधार विकास तर्फ चालू आर्थिक वर्षमा फुङलिङ नगरपालिकाको वडा नं.२, ६ र ७ को वडा कार्यालय भवनको निर्माण सम्पन्न हुने चरणमा रहेका छन् भने वडा नं. ८ र ११ निर्माणाधिन अवस्थामा रहेको छ । यसै गरी फुङलिङ नगरपालिकाको फोहोर मैला व्यवस्थापन केन्द्र, फुङलिङ बहुसाँस्कृतिक संग्रहालय निर्माण, निगिजुङ मेल्लुङ नाङ्गे बरडाँडा सडक, दोखु स्वास्थ्य चौकी भवन, पराजुली चोक विहिवारे हाट हुँदै सिद्धिडाँडा जोड्ने सडकको स्तरोन्नती, हेलिप्याड सशस्त्र क्याम्प लहरेगाउँ सडक स्तरोन्नती जस्ता ठूला योजना क्रमागत रुपमा चालु आ.ब.मा निर्माणधीन अवस्थामा रहेको छ । यसै गरी चालू आ.ब.मा आर.सि.सि. सडक ढलान थप ९६ मिटर, नयाँ ट्र्याक ओपन १० किलोमिटर, सडक स्तरोन्नती २७ किलोमिटर, पदमार्ग निर्माण ५ हजार ७ सय २० मिटर, खोल्सी नियन्त्रणमा ८ वटा, सामुदायिक भवन निर्माण तथा मर्मत १६ वटा, स्वास्थ्य खोप केन्द्र भवन निर्माण तथा मर्मत १ वटा, खेलमैदान निर्माण तथा मर्मत २ वटा, २५ वटा वायोग्याँस प्लान्ट निर्माण, थप सडक बत्ति जडान ५ सय २७ वटा, सडक कज्वे निर्माण ३ वटा, शौचालय निर्माण तथा मर्मत ५ वटा, कल्वर्ड निर्माण ५ वटा, विद्यालय भवन निर्माण तथा मर्मत १० वटा, ग्याविन तथा मेसिनरी वाल निर्माण

१८ स्थानमा, मन्दिर कम्पाउण्ड तथा वाल निर्माण ८ वटा, आर.सि.सि पूल निर्माण २ वटा, सिंचाई योजना संचालन १ वटा सम्पन्न भएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालू आर्थिक वर्षमा २८ वटा आयोजनाहरुको सम्झौता भई सडक सोलिङ, मर्मत, पदमार्ग निर्माण, खानेपानी लगायतका आयोजनाहरु संचालन भई कुल ६६ लाख २५ हजार ६ सय ९१ रुपैंया खर्च भएको छ। जसमा हालसम्म १ सय १५ जना बेरोजगारहरुले जम्मा ११ हजार ४ सय ८३ दिन रोजगारी पाएका छन्।

**२.४. वातावरण तथा विपद् व्यवस्थापनः**

विपद् व्यवस्थापन कार्यक्रम अन्तर्गत विभिन्न प्राकृतिक प्रकोपमा परेका नगरभित्रका पिडित परिवारहरुलाई राहत उपलब्ध गराईएको छ। प्राकृतिक प्रकोप भएका विभिन्न ठाउँमा पहिरो नियन्त्रणका लागि ६८ थान ग्याविन तारजाली वितरण गरिएको छ भने ९ थान त्रिपाल वितरण भएको छ।

**२.५. सार्वजनिक सेवा तथा क्षमता विकासः**

सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ नगरपालिका अन्तर्गतका विभिन्न वडा तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान गर्नुका साथै क्षमता विकास सम्बन्धी विभिन्न तालिम तथा सचेतना कार्यक्रमहरु संचालन गरिएको छ। नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारिहरुको क्षमता विकासको लागि अन्तरपालिकास्तरीय अनुभव आदान प्रदान भ्रमण तथा अवलोकन कार्यक्रम सम्पन्न भएको छ।

**२.६. विधायन समितिः**

विधायन समिति तर्फ चालू आर्थिक वर्षको हालसम्म ९ वटा विभिन्न ऐन कानूनहरु तयार गरी पारीत गरिएको छ।

**२.७. न्यायीक समितिः**

न्यायीक समिति तर्फ चालु आर्थिक वर्षको हालसम्म ७१ वटा मुद्दा दर्ता भएका छन् जसमध्ये १४ वटा मेलमिलाप गरी फछर्यौट भएका छन् भने ५७ वटा छलफलमा रहेका छन्।

**३. बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरुः**

**(क) दीर्घकालीन सोचः "यातायात सञ्जाल, व्यवसायीक कृषि, पर्यटन र पूर्वाधार; शिक्षा, स्वास्थ्य र औद्योगिक विकास फुङलिङ समृद्धिको आधार"** हाम्रो दीर्घकालीन सोच रहेको छ।

**(ख) लक्ष्यः**

१. दिगो, गुणस्तरीय र सुविधायुक्त भौतिक पूर्वाधारहरुको विकास गर्ने।

२. नगरवासीहरुको आर्थिक प्रगति तथा समृद्धिमा अभिवृद्धि गर्ने।

३. सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्ने।

४. लैंगिक समानता, सामाजिक न्याय, समानता तथा समावेशिकरणलाई प्रवर्द्धन गर्ने।

५. शैक्षिक वातावरणको निर्माण गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने।

६. कृषि क्षेत्रलाई व्यवसायीकरण गरी कृषि उत्पादनमा आत्मनिर्भर बनाउने ।

७. लघु उद्यमको विकास गरी थप लघु उद्यमी सृजना गर्ने ।

८. नगरवासीहरुमा स्वच्छ तथा सफा खानेपानी आपूर्ति गर्ने ।

९. नगरपालिकाको सेवाप्रवाहलाई चुस्त र दुरुस्त बनाउने ।

१०. खेलकुद क्षेत्रको थप विकास गर्न विभिन्न खेलकुद कार्यक्रमहरु संचालन गर्ने ।

११. आधारभूत स्वास्थ्य सेवा वडा तहहरुबाटै उपलब्ध गराउने ।

१२. नगर भित्रको पर्यटन प्रवर्द्धन गर्ने ।

१३. वातारण मैत्री र दिगो विकासमा जोड

**(ग) अपेक्षित उपलब्धिहरुः आगामी आर्थिक वर्ष २०८०/०८१ को अन्त्यमा प्रस्तुत बजेटको कार्यान्वयनबाट निम्न उपलब्धिहरु हाँसिल हुने अपेक्षा लिईएको छ ।**

१. सडकहरुको थप स्तरोन्नती भई नगरपालिका भित्रका वस्तिहरु सडक संजालमा जोडिनेछ ।

२. वडा कार्यालयका आफ्नै भवनहरुबाट सेवा प्रवाह सुरु भएको हुनेछ ।

३. खेलकुद क्षेत्रमा नयाँ र प्रतिभावान खेलाडीहरुको उदय हुनेछ ।

४. कृषि तथा पशुपालन व्यवसायको व्यवसायीकरणबाट कृषि उत्पादन वृद्धि भएको हुनेछ ।

५. नगरवासीहरुमा स्वच्छ खानेपानीको थप पहुंच पुगेको हुनेछ ।

६. थप लघु उद्यमीहरु सृजना भई आय आर्जन र रोजगारीमा वृद्धि भएको हुनेछ ।

७. शैक्षिक गुणस्तरमा थप सुधार भएको हुनेछ ।

८. लैंगिक समानता, सामाजिक न्याय र समावेशिकरणको थप प्रवर्द्धन भएको हुनेछ ।

९. नगरपालिकाको सुशासन, जवाफदेहिता र पारदर्शितामा अभिवृद्धि भएको हुनेछ ।

१०. आधारभूत स्वास्थ्य सेवामा नगरवासीको पहुँच वृद्धि भएको हुनेछ ।

११. वातावरण मैत्री र दिगो विकासको संरचना निर्माण टेवा पुगेको हुनेछ ।

**(घ) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु ।**

**(१) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न कुराहरुलाई प्रमुख आधारको रुपमा लिईएको छ ।**

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- दिगो विकासको लक्ष्य २०१६-२०३०,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- संघीय सरकार र कोशी प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड,
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको सिफारिस,
- राजस्व परामर्श समितिको सिफारिस,

- संघीय सरकार र कोशी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट,
- संघीय सरकारको विभिन्न परिपत्र तथा निर्देशनहरु,
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सृजित दायित्वहरु,
- फुङलिङ नगरपालिकाको आवधिक योजना,
- निर्वाचनको वेला नगरवासीसामु गरेका प्रतिवद्धता एवं घोषणाहरु,
- नगरपालिकाले आगामी आ.ब.२०८०/०८१ का लागि तय गरेका नीति तथा कार्यक्रमहरु र
- वडाहरुको जनसंख्या, भूगोल, क्षेत्रफल, खर्चको आवश्यकता, राजस्व क्षमता, पूर्वाधारको अवस्था समेतका आधारहरु।

**(२) योजना तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीतिहरुः**

- गरिवी न्यूनिकरणमा जोड दिने।
- दिगो विकास अवधारणा अनुसारका विकास कार्यक्रमहरुलाई प्राथमिकता दिने।
- आर्थिक तथा वित्तिय आत्मनिर्भरतामा जोड दिने।
- राज्यका निर्देशक सिद्धान्त र मौलिक हक कार्यान्वयनमा सघाउ पुऱ्याउने।
- संघीयताको कार्यान्वयनमा जोड दिने।
- आर्थिक समानता तथा सामाजिक समावेशिकरणलाई प्रवर्द्धन गर्ने।
- सुशासन तथा पारदर्शिताको प्रवर्द्धन गर्ने।
- वातावरणमैत्री तथा दोगो विकासमा जोड दिने।

**(३) योजना तर्जुमा गर्दा अवलम्बन गरिएका क्षेत्रगत नीतिहरुः**

**(क) आर्थिक विकासः**

- पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने।
- उत्पादन र रोजगारीको वृद्धि गर्ने।
- व्यवसायको विकास र प्रवर्द्धन गर्ने।
- सहकारिताको विकास गर्ने।
- गरिवी न्यूनिकरण गर्ने ।

**(ख) सामाजिक विकासः**

- अनिवार्य निःशुल्क एवम गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने।
- शिक्षामा सबैको पहुँच स्थापना गर्ने।
- नागरिक सचेतना अभिवृद्धि गर्ने।
- समावेशी विकासमा जोड दिने।

- भेदभाव तथा छुवाछुत रहीत समाज निर्माणमा जोड दिने ।
- स्वास्थ्य सेवामा सबैको पहुँच स्थापना गर्ने ।
- नगर भित्रका सबै नागरिकलाई स्वच्छ खानेपानिको आपूर्ती गर्ने ।
- महिला, बालबालिका तथा अपाङ्ग मैत्री विकासमा जोड दिने ।

**(ग) पूर्वाधार क्षेत्रः**

- सडकहरुको स्तरोन्नती गरी सबै नगरवासीहरुको यातायातमा पहुँच स्थापना गर्ने ।
- सरल र सहज सेवा प्रवाहका लागि नगर तथा वडा कार्यालयका भवनहरुको निर्माण गर्ने ।
- वातावरण मैत्री विकासमा जोड दिने ।
- शहरी विकास तथा दिगो आवास विकास निर्माण कार्यक्रममा जोड दिने ।
- विद्यालय, सामुदायिक भवन, मठ मन्दिरहरुको निर्माण तथा मर्मत गर्ने ।
- उर्जा, विद्युत तथा संचारमा नगरवासीको पहुँच अभिवृद्धि गर्ने ।
- सिंचाई क्षेत्रको थप विस्तार गर्ने ।
- खेलमैदान निर्माण र स्तरोन्नतीमा जोड दिने ।
- कल्वर्ड, ढल तथा खोल्सी खोल्सिहरुमा नाली निर्माण कार्यमा जोड दिने ।

**(घ) वातावरण तथा विपद व्यवस्थापनः**

- वन तथा जैविक विविधताको संरक्षण गर्ने ।
- जलबायू परिवर्तन अनुकूलन योजना निर्माण गर्ने ।
- वातावरण मैत्री विकासमा जोड दिने ।
- विपद् व्यवस्थापन योजना तयार गर्ने ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

- कानून निर्माणमा जोड दिने ।
- पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासमा जोड दिने ।
- सूचना तथा संचार मार्फत सुशासन प्रणालीको क्रमशः स्थापना गर्ने ।
- पारदर्शिता र सुशासनको प्रवर्द्धन गर्ने ।
- सेवामा नागरिकहरुको पहुँच वृद्धि गर्ने ।
- वित्तीय व्यवस्थापन र सोको लेखा परीक्षणलाई व्यवस्थित गर्ने ।
- प्रविधि मैत्री नगरपालिका निर्माणमा जोड दिने ।

**नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु !**

अब म उपरोक्त समग्र तथा क्षेत्रगत नीति तथा सो सँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयनको लागि आगामी आर्थिक वर्षमा प्रस्ताव गरिने आन्तरिक राजश्व परिचालनको अवस्था र बजेट तथा कार्यक्रमको खाका प्रस्तुत गर्न चाहन्छु ।

**(क) पूर्वाधार विकास तर्फका कार्यक्रम तथा प्रस्तावित बजेटः**

पूर्वाधार विकास तर्फ सिंचाइ निर्माण २ वटा, खोल्सी नियन्त्रण तथा तटबन्धन निर्माण १ वटा, विभिन्न ३० वटा सडक, १७ वटा भवन, खेलमैदान निर्माण २ वटा, ढल तथा नाली निर्माण २ वटा, २४ वटा पदमार्ग निर्माण, सहिद पार्क निर्माण १, झोलुङ्गे पुल १, नगरपालिका भित्रका ५ वटा वडा कार्यालय भवनहरु निर्माणका साथै नगरपालिकाका महत्वपूर्ण क्रमागत योजनाहरु ७ वटा साझेदारीमा कार्यान्वयन गर्ने गरी कुल रु.१७ करोड २४ लाख ३० हजार रुपैंया विनियोजन गरेको छु । यसमा संघीय सरकार र प्रदेश सरकारको समपूरक, सशर्त र विशेष अनुदान समेत समावेश गरिएको छ ।

**(ख) सामाजिक विकास तर्फका कार्यक्रम तथा प्रस्तावित बजेटः**

यस अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, खानेपानी, लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी विभिन्न २५९ वटा कार्यक्रमहरु संचालनको लागि रु.३१ करोड ७० लाख ७३ हजार बजेट विनियोजन गरेको छु । यसमा संघीय सरकारको सशर्त अनुदान समेत समावेश गरिएको छ ।

**(ग) आर्थिक विकास तर्फका कार्यक्रम तथा प्रस्तावित बजेटः**

यस अन्तर्गत कृषि, पशुपालन, सहकारी, उद्योग, पर्यटन क्षेत्रहरुमा बजेट समावेश गरिएको छ । जसमा पर्यटनमा ९, कृषिमा ३१, सहकारीमा १, उद्योगमा ३, पशुपंक्षीमा १३ वटा योजना तथा कार्यक्रमहरु संचालनको लागि रु.२ करोड ८३ लाख ३५ हजार रुपैंया बजेट विनियोजन गरेको छु । यसमा संघीय सरकारको सशर्त अनुदान समेत समावेश गरिएको छ ।

**(घ) वातावरण तथा विपद् तर्फका कार्यक्रम तथा प्रस्तावित बजेटः**

यस अन्तर्गत प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन कार्यक्रम अन्तर्गत जम्मा १५ वटा योजनाहरु संचालनको लागि रु.२७ लाख १४ हजार रुपैंया बजेट विनियोजन गरेको छु ।

**(ङ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र ।**

सार्वजनिक सेवा तथा क्षमता विकास अन्तर्गत २२ वटा विभिन्न कार्यक्रम, विधायन समिति तर्फ १, न्यायिक समिति तर्फ ६, लेखा समिति तर्फ ६, पञ्जिकरण तर्फ ४, श्रम तथा रोजगार तर्फ १८, लघु उद्यम विकास तर्फ ३ प्रशासकीय सुशासन तर्फ ८९ वटा योजना तथा कार्यक्रमहरु संचालनको लागि रु.१६ करोड ३३ लाख ११ हजार ५ सय रुपैंया विनियोजन गरेको छु ।

**(झ) फुङलिङ नगरपालिकाको आन्तरिक राजश्व परिचालनको अवस्थाः**

हामीले चालु आर्थिक वर्षको लागि आन्तरिक राजश्वको प्रक्षेपण रु.१ करोड ९८ लाख गरेका थियौं । त्यसमध्ये २०८० जेष्ठ मसान्त सम्ममा आईपुग्दा रु.१ करोड ६० लाख १ हजार ७ सय ७५ रुपैंया राजस्व असुली गर्न

सफल भएका छौं भने यो लक्ष्यको तुलनामा ८० दशमलब ८१ प्रतिशत हो । आगामी आर्थिक वर्षको लागि फुङलिङ नगरपालिकाको राजस्व परामर्श समितिको सिफारिसमा कर तथा गैह्र राजश्वका दरहरुमा केही फेरबदल तथा संशोधन समेत गरिएको छ । जुन आर्थिक विधेयक मार्फत विभिन्न अनुसूचिहरुमा यसै साथ पेश गरिएको छ ।

**नगरसभाका सभाध्यक्ष एवं सदस्य ज्यूहरु !**

**अब म चालु आर्थिक वर्ष २०७९/०८० को विनियोजित आय व्यय अनुमान र संशोधित आय व्यय अनुमानको विवरण सम्मानित चौधौं नगरसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।**

हामीले यस आर्थिक वर्षमा कुल रु. ६८ करोड ८३ लाख ७ हजार ४ सय १० रुपैंया खर्च हुनेगरी बजेटको प्रस्ताब गरिएकोमा २०७९ साल चैत्र ६ गते सम्पन्न भएको तेह्रौ नगरसभाबाट उक्त बजेटमा संशोधन भई कुल रु.७२ करोड ७६ लाख ६५ हजार १ सय १० रुपैंया कायम हुन गएकोमा सशर्त अनुदानमा अपुग शिक्षक तलव भत्ता तर्फ १ करोड ९७ लाख ४३ हजार थप भई चालु आर्थिक वर्षको कुल बजेट ७४ करोड ७४ लाख ८ हजार १ सय १० रुपैंया कायम भएको छ ।

आन्तरिक आय तर्फ १ करोड ९८ लाख असुली गर्ने लक्ष्य रहेकोमा चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्ममा रु. १ करोड ६० लाख १ हजार ७ सय ७५ रुपैंया प्राप्त भई लक्ष्यको तुलनामा ८० दशमलब ८१ प्रतिशत उपलब्धी हाँसिल भएको छ । उक्त बजेट मध्येबाट सामाजिक सुरक्षा तर्फको विनियोजन तथा खर्च बाहेक २०८० जेष्ठ मसान्तसम्ममा चालु तर्फ रु.४४ करोड ३७ लाख ३१ हजार ४ सय १० विनियोजन भएकोमा यथार्थ खर्च रु ३१ करोड ३५ लाख ६ हजार अर्थात ७०.६५ प्रतिशत वित्तिय खर्च भई पूँजिगत तर्फ रु.२९ करोड ५ लाख ४९ हजार ७ सय विनियोजन भएकोमा यथार्थ खर्च रु.२० करोड १९ लाख ६४ हजार ८ सय ७३ अर्थात ६९.५१ प्रतिशत वित्तिय खर्च प्रगति भएको देखिन्छ । यस्तै गरी २ सय ३७ उपभोक्ता समिति दर्ता दर्ता भई २ सय २० उपभोक्ता समितिहरुले सम्झौता गरेका छन् भने २ सय उपभोक्ता समितिहरुले कार्यसम्पन्न गरी ८४.३८ प्रतिशत भौतिक प्रगति हाँसिल गरेको छ ।

**नगरसभाका सभाध्यक्ष एवं सदस्य ज्यूहरु !**

**अब म अगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक स्रोत परिचालनका लागि गरिएको प्रवन्ध यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।**

अगामी आर्थिक वर्ष २०८०/०८१ को लागि कुल रु.६८ करोड ६७ लाख १७ हजार ५ सय रुपैयाँ खर्च हुने गरी वजेट प्रस्ताव गरेको छु । जसमा चालु खर्च तर्फ कुल रु.४४ करोड ६६ लाख १७ हजार ५ सय अर्थात ६५ प्रतिशत र पुँजीगत तर्फ कुल रु.२४ करोड ०१ लाख रुपैंया अर्थात ३५ प्रतिशत खर्च हुने अनुमान गरेकोछु । क्षेत्रगत बजेट विनियोजन तर्फ हेर्दा कूल बजेटको सामाजिक विकास तर्फ कुल रु.३५ करोड ६३ लाख १० हजार अर्थात ५१ दशमलब ८८ प्रतिशत, पूर्वाधार विकास तर्फ कुल रु.१६ करोड ९० लाख ६६ हजार अर्थात २४ दशमलब ६१ प्रतिशत, आर्थिक विकास तर्फ कुल रु.२ करोड ८३ लाख ४६ हजार अर्थात ४ दशमलब १२ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्र तर्फ कुल रु.१३ करोड २९ लाख ९५ हजार अर्थात १९ दशमलब ३६ प्रतिशत रकम विनियोजन गरेको छु

उपरोक्त खर्चहरुको लागि वित्तिय समानिकरण अनुदान संघीय सरकारवाट रु.१४ करोड ८० लाख, राजश्व वाँडफाँड संघीय सरकारवाट रु. ९ करोड २४ लाख ५४ हजार ५ सय, सशर्त अनुदान संघीय सरकारवाट रु.३२

करोड ५५ लाख, विशेष अनुदान संघीय सरकारवाट रु.१ करोड १० लाख, समपूरक अनुदान संघीय सरकारवाट रु.२ करोड ४० लाख, वित्तिय समानीकरण अनुदान प्रदेश सरकारवाट रु.९६ लाख २० हजार, प्रदेश राजश्व वाडफाँटवाट रु. १ करोड ६ लाख ३७ हजार रुपैंया, प्रदेश समपुरक अनुदानवाट रु.१ करोड १३ लाख, प्रदेश सशर्त अनुदानबाट रु.१ करोड १७ लाख २५ हजार रुपैंया र आन्तरिक श्रोतबाट रु. ४ करोड २४ लाख ८१ हजार रुपैंया व्यहोर्ने गरी आय अनुमान गरेको छु । यस सम्बन्धी कार्यक्रमका विवरण र आगामी आर्थिक बर्षको लागि कर राजस्वको दर सम्बन्धी विवरण आर्थिक तथा विनियोजन विधेयकको रुपमा विभिन्न अनुसूचीहरुमा समावेश गरी पेश गरेको छु ।

योजना वनाउनु र यसको दस्तावेज तयार गर्नु आफैमा गहन र महत्वपूर्ण कार्य हो, त्यो भन्दा महत्वपूर्ण कार्य त्यसको सफल र प्रभावकारी कार्यान्वयन हुनु हो । सम्वद्ध सवै पक्षको सार्थक सहयोगबाट तयार भएको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेटको सफल कार्यान्वयनमा समेत यहाँहरुको महत्वपूर्ण भूमिका रहने तथ्य निर्विवाद छ । यस अवसरमा फुङलिङ नगरपालिकाको विकासको सन्दर्भमा प्रभावकारी भूमिका खेल्ने संघीय सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै आगामी दिनहरुमा सबैवाट यथोचित सहयोग र सद्भावको आशा र अपेक्षा गर्दछु । यसै सन्दर्भमा वजेट तथा कार्यक्रमको पूर्ण विवरण समेटिएको नगर सभाको निर्णय पुस्तिका चाँडै प्रकाशन गरी यहाँहरु समक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु ।

**अन्तमा,**

आगामी आर्थिक बर्ष २०८०/०८१ को यो बजेट तथा कार्यक्रमले अवश्य पनि समग्र नगरवासीको भावनाको प्रतिनिधित्व गर्दै यस नगरपालिकालाई **"यातायात सञ्जाल, व्यवसायीक कृषि, पर्यटन र पूर्वाधार, शिक्षा, स्वास्थ्य र औद्योगिक विकास फुङलिङ समृद्धिको आधार"** तयार गर्ने कुरामा म विश्वस्त छु ।

प्रस्तुत नीति बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग पुऱ्याउनु हुने नगर प्रमुख ज्यू, योजना तर्जुमाको प्रारम्भिक चरणदेखि बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा सम्मका हरेक क्षणमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रही सहयोग पुऱ्याउनु हुने नगरकार्यपालिका तथा नगर सभाका सम्पूर्ण सदस्यज्यूहरू, जिल्ला स्थित सरोकारवाला विभिन्न सरकारी कार्यालयहरु तथा उद्योग वाणिज्य संघ लगायत गैर सरकारी संघ संस्थाका प्रतिनिधिज्यूहरु, संचारकर्मी मित्रहरु साथै उपस्थित सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी यो बजेट तथा कार्यक्रम तयार गर्न प्रारम्भिक चरणदेखि अन्त्यसम्म अहोरात्र खट्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सवै कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । यस नगरपालिकाले बजेट मार्फत लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न स्वीकृत कार्यक्रम तथा वजेट समयमै कार्यन्वयन गरी प्रतिफल प्राप्तिका लागि यहाँहरु सहित सम्पूर्ण नगरवासीहरुको सकृय सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास राख्दै मेरो प्रस्तुतीलाइ यही अन्त्य गर्दछु ।

**धन्यवाद !**

**भीमादेवी ओझा**
**नगर उप-प्रमुख**
**फुङलिङ नगरपालिका, ताप्लेजुङ**

**मिति २०८० साल आषाढ ९ गते रोज ७ बार शुभम् ।**